रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप

निमित्त प्रमुख प्रशासकीय अधिकृत

# राष्ट्रिय दैनिक "क वर्ग" को पत्रिकामा सूचना प्रकाशन सम्बन्धी

# शिलवन्दी प्रस्ताव फाराम

सूचना प्रकाशित मितिः२०८२/०४/१४

प्रस्ताव पेश गर्ने अन्तिम मितिः२०८२/०४/२८

प्रस्ताव खोल्ने समयः२०८२/०४/२९ गते दिनको २:०० बजे

प्रस्ताव खोल्ने स्थानः रामेछाप नगरकार्यपालिकाको कार्यालय, रामेछाप।

प्रस्तावक फर्म वा कम्पनीकोः

नामः

ठेगानाः

सम्पर्क नं.

शर्त तथा बन्देजः

१. प्रस्ताव फाराम दस्तुर रु.१०००।-(अक्षरुपी एक हजार) मात्र पछि फिर्ता नहुने गरी यस कार्यालयको राजश्व शाखा वा राष्ट्रिय वाणिज्य बैंक रामेछापमा रहेको आन्तरिक राजश्व खाता नं. १०२०१००३०१०१०००२ मा जम्मा गरी खरिद गर्न वा यस कार्यालयको आधिकारिक वेभसाईटबाट डाउनलोड गरी दस्तुर तिरेको प्रमाण सहित रितपूर्वक भरी मिति २०८२/०४/२८ गते कार्यालय समय भित्र यस कार्यालयमा शिलवन्दी प्रस्ताव फाराम दर्ता गर्न सकिनेछ ।प्रस्ताव फाराम खरिद दस्तुर बुझाएको प्रमाण संलग्न नभएको प्रस्ताव मान्य हुने छैन।

२. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा चालु आ.व.२०८२/०८३ मा नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आ.व.२०८०/०८१ को करचुक्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ. कर दर्ता प्रमाणपत्र तथा विज्ञापन बोर्डमा दर्ता तथा नवीकरण भएको प्रतिलिपि समेतको प्रमाणित प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ ।

३. प्रस्तावमा उल्लेखित राष्ट्रिय दैनिक पत्रिकाको भित्री पृष्ठमा प्रकाशित हुने सूचना पत्रपत्रिकाको आधिकारिक दररेटमा प्रति सि.सि. छुट समावेश गरि पेश गर्नुपर्ने छ । सम्बन्धित पत्रिकाले प्रकाशित दररेटमा कुनै परिवर्तन गरेमा सोको जानकारी प्रस्तावदाताले यस कार्यालयलाई यथासिघ्र जानकारी गराउनु पर्नेछ।

४. प्रस्ताव पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त आधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्काको नाममा दर्ता गरेको र कुनैपनि शर्त राखी पेश भएको प्रस्ताव मान्य हुने छैन ।

५. यस कार्यालयमा रितपूर्वक दर्ता भएका शिलवन्दी प्रस्तावहरु २०८२/०४/२९ गते दिनको २:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६. प्रस्ताव सम्बन्धी फाराममा उल्लेख भएका शर्तहरु बाहेक प्रस्तावदाताले अन्य कुनै शर्त राखी पेश भएको प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ ।

८. रितपूर्वक पेश नभएका र तोकिएका कागजपत्रहरु संलग्न नभएका प्रस्तावहरु रद्ध गरिनेछ ।

९. यस कार्यालयको आधिकारिक पत्र वा आदेश भन्दा बाहेक प्रकाशित भएका सूचनाहरुको भुक्तानी गरिनेछैन ।

१०. प्रस्तावदाताले पेश गरेको छुट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। साथै स्वीकृत भएको प्रस्तावको समय अवधि चालु आर्थिक वर्ष २०८२/०८३ का लागि (१ वर्षको) मात्र रहनेछ।

११. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१२. उल्लेखित कार्य गरे बापत प्रचलित कानून बमोजिम बुझाउन पर्ने सबै प्रकारका कर, शुल्क तथा दस्तुर प्रस्तावदाता स्वयंले बुझाउनु पर्नेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

आर्थिक प्रस्ताव

| सि.नं. | प्रकाशित हुने राष्ट्रिय दैनिक पत्रिकाहरु | पत्रिकाको आधिकारिक दररेट(प्रति सि.सि.) | कबोल गरेको छुट प्रतिशत (कम्तिमा २५% हुनुपर्ने) | | छुट पश्चातको कवोल दररेट (प्रति सि.सि.) रु. |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| १ | गोरखापत्र | | | | |
| २ | कान्तिपुर | | | | |
| ३ | अन्नपूर्ण पोष्ट | | | | |
| ४ | नयाँ पत्रिका | | | | |
| ५ | नागरिक दैनिक | | | | |
| ६ | समाचारपत्र | | | | |
| ७ | राजधानी दैनिक | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |

नोटः

- छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारिक रुपमा प्रकाशित दररेटमा लागु हुनेछ। साथै सबै भन्दा धेरै छुट दिने प्रस्तावदाताको प्रस्तावपत्र स्वीकृत गरिनेछ ।
- छुट प्रतिशत पश्चातको कवोल दररेट सम्झौता भए पश्चात २०८३ असार मसान्तसम्म लागु हुनेछ ।
- आधिकारिक रुपमा प्रकाशित दररेटमा कबोल गरेको छुट रकम घटाएपछि आउने रकममा मूल्य अभिवृद्धि कर लाग्नेछ ।

प्रस्तावक फर्म वा कम्पनीको

नामः

ठेगानाः

सम्पर्क नं.

मितिः

Scanned with CamScanner